आज मिति २०८०।०६।०९ गते मंगलबारका दिन विहानको १०:१५ बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को चौथो बैठक तपसिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | - |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | - |
| विर बहादुर पौडेल | सदस्य | - |
| मिठ्ठु वि.क | सदस्य | |
| हरिकृष्ण आचार्य | सदस्य-सचिव (नि.प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

१) रमेश थापा, सूचना प्रविधि अधिकृत

२) प्रेम पराजुली, वरिष्ठ लेखा सहायक

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था. २०७३

कार्यपालिका बैठक मिति : २०८०।०६।०९ गते

समय : विहान १०:१५ बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८०।०६।०४ गते

**मिति २०८०।०६।०९ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु**

**प्रस्ताव नं. १** पूर्व निर्णयहरुको समीक्षा,

**प्रस्ताव नं. २** गाउँपालिका भित्रको मोटरबाटोहरु मर्मत सम्बन्धमा,

**प्रस्ताव नं. ३** "पशु सेवा विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" स्वीकृत गर्ने सम्बन्धमा,

**प्रस्ताव नं. ४** राहत/क्षेतीपुर्ती/आर्थिक सहयोग सम्बन्धमा,

**प्रस्ताव नं. ५** उद्यम विकास शाखाको कार्य योजना स्वीकृत गर्ने सम्बन्धमा,

**प्रस्ताव नं. ६** आगामी आ.व.मा संघीय सरकार समक्ष माग गर्ने समपुरक र विशेष अनुदानको तयारी सम्बन्धमा,

**प्रस्ताव नं. १४** विविध।

भरत कुमार पुन
अध्यक्ष

निर्णय् नं १:

गाउँ कार्यपालिकाको पूर्व निर्णयहरुको समिक्षा गरियो ।

निर्णय नं २:

प्रस्ताव नं २ उपर छलफल गर्दा गाउँपालिका भित्र बर्षाले बिग्रिएको मोटरबाटो मर्मत सम्भार गर्ने सम्बन्धमा प्राविधिक ईस्टिमेटको आधारमा उपभोक्ता समितिबाट काम गराउने तथा उक्त मर्मत खर्च विपद् व्यवस्थापन कोषबाट गर्ने।

| क्र.स. | वडा नं | बाटो/आयोजनाको नाम | लागत इस्टिमेट रु | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं १ दोवा | भिरकाटे देखी दोवा गाउँसम्म मोटरबाटो सरसफाई | १९२४२२।५५ | |
| २ | वडा न. २ भुरुङ तातोपानी | तातोपानी देखि चिसोपानी हुदै देउराली डाँडा सम्म मोटरबाटो सरसफाई | १५८१२८।४७ | |
| ३ | वडा न. २ भुरुङ तातोपानी | ठुलोबगर देखी कटौजे सम्म मोटरबाटो सरसफाई | २५७८२।०९ | |
| ४ | वडा नं ३ दाना | सुवा जाने बाटो मर्मत | ७७०००। | |
| ५ | वडा नं ३ दाना | ज्ञान प्रकाश मा.वि. देखि कोटखलङ्ग ठारासम्म मोटरबाटो सरसफाई | २१४०००। | |
| ६ | वडा नं ३ दाना | डाँडागाउँदेखी दुवारी सम्म मोटरबाटो सरसफाई | १७६५००। | |
| ७ | वडा नं ३ दाना | जलथले देखी फगामसम्म गोरेटोबाटो मर्मत | ९६५००। | |
| ८ | वडा नं ४ नारच्याङ | कोप्चेपानी बाटो सरसफाई | २०६६६८।५३ | |
| ९ | वडा नं ४ नारच्याङ | छेम्दी कृषि सडक सरसफाई | २१०७५४।०४ | |
| १० | वडा नं ५ शिख | घारखोला-किन्दु-स्वाँत-शिख सडक सरसफाई तथा मर्मत | ६२९४०३।२२ | |
| ११ | वडा नं. ६ घार | चित्रे घोरेपानी हुदै कटुक परेबराह घोरेपानी सम्म मोटरबाटो सरसफाई | १५२७१०।४० | |
| १२ | वडा नं ७ हिस्तान | ~~दशौं मोटरबाटो सरसफाई~~ (म्हाली- औल- ति मोटरबाटो सरसफाई) | ३१००९१।९७ | |

| | | | | |
|---|---|---|---|---|
| १३ | वडा नं ८ राम्चे | रिमा खोला देखो नाँगी सम्म मोटरबाटो सरसफाई | २७००००। | |

निर्णय नं ३ :

प्रस्ताव न ३ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत गर्ने ।

निर्णय नं ४:

प्रस्ताव नं ४ उपर छलफल गर्दा मनसुनजन्य विपदबाट क्षती भएको कृषि बालीको विवरण सबै वडाहरुबाट संकलन गरी आगामी कार्यपालिकामा पेश गर्ने।

निर्णय नं ५ :

प्रस्ताव नं ५ उपर छलफल गर्दा उद्यम विकास शाखाको कार्ययोजना थप छलफल गरी आगामी कार्यपालिका बैठकबाट स्वीकृत गर्ने ।

निर्णय नं ६:

प्रस्ताव नं ६ उपर छलफल गर्दा आगामी आ.व.मा. संघीय सरकार पेश गर्ने समपुरक र विशेष अनुदानको योजनाहरुको छनोटको पूर्वतयारीको कार्य गर्ने ।

निर्णय नं ७:

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिलको निर्णय गरियो ।

क) घार स्वास्थ्य चौकीमा कार्यालय सहयोगीको अनिवार्य अवकास भएकाले करार नियुक्तिका लागि विज्ञापन गर्ने ।

ख) ५ नं वडा कार्यालयको मिति २०८०।०५।२७, चलानी नं १३५ को पत्र उपर छलफल गर्दा वडा नं ५ शिख देखी पाउद्वार जाने घिरवाङ खोलामा मोटरवेल पुल निर्माण गर्नको डिपिआर तयार गर्न पूर्वाधार विकास कार्यालय म्याग्दीमा सिफारिस गर्ने ।

ग) अन्नपूर्ण गाउँपालिकाको चालु आ.व.को आयोजनाहरुको कार्यन्वयनको लागि उपभोक्ता समितिको साथसाथै टेण्डरबाट हुने आयोजनाहरुलाई पनि प्राथमिकताको साथ अघि बढाउने ।

घ) गाउँपालिकाको चालु आ.व.मा रहेको गाँउपालिकाको प्रशासकीय भवनमा सेवाग्राही प्रतिक्षा स्थल निर्माण र हल व्यवस्थापन तत्काल कार्यान्वयनमा लैजाने ।

ङ) मिस्त्री खोला २ जलविद्युत आयोजनाको सम्वन्धमा सम्मानीत श्री सर्वोच्च अदालतबाट अन्नपूर्ण गाउँपालिका, पोखरेवगर म्याग्दीको कार्यालयलाई विपक्षी बनाई जारी भएको सूचना उपर छलफल गरीयो ।

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था: २०७३

च) मोनाद्वारा आयोजित भलिबल प्रतियोगितामा पुरुष तथा महिला टोलीलाई सहभागी गराउने, रु ३ लाख सम्म लाग्ने खर्च खेलकुद कार्यक्रम शिर्षकबाट लेख्ने ।

छ) वडा नं ४ नारच्याङको ठाडेस्वारामा प्राविधिकबाट तयार पारिएको लागत ईस्टिमेट रु ३५६९१०।०८ अनुसार पानी ट्याङ्की निर्माण गर्ने र विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने ।

ज) मिति २०८०।०५ ।३२ गतेको अविरल बर्षासंगै बाढीपहिरोको कारण सुवा टोलमा भएको खानेपानी प्रणालीको क्षती पुगेको वडा नं ३ कार्यालयको मिति २०८०।०५।२४, च.नं. ९२ पत्रानुसार उक्त खानेपानी मर्मतको लागि ३२mm को १०० मिटर र २० mm को ४०० मिटर पोलिथिङ पाइप उपलब्ध गराई विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने ।

झ) मिति वडा नं ६ को बैसरी, झुमुनी, हल्लेखर्क, पोखरेवगरमा खानेपानीको समस्या समाधानको लागि गण्डकी प्रदेशको उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालयमा सिफारिस गर्ने ।

ञ) वडा नं २ को ठुलोवगर र वडा न ६ पोखरेवगर जोड्ने मोटरेवल पुल निर्माणको लागि गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमा सिफारिस गर्ने ।

ट) विविध प्रस्ताव उपर छलफल गर्दा नवीकरणीय ऊर्जा कार्यक्रम अन्तर्गत सुधारिएको चुल्हो र सोलार वत्ती वितरण सम्बन्धमा तपसिलको संख्यामा वडा कार्यालयहरुमा पठाइ वडा कार्यालयले सम्बन्धित निवेदकलाई वितरण गरी सो को विवरण गाउँपालिका कार्यालयमा उपलब्ध गराउने ।

तपसिल :

| क्र.स | वडा नं | सोलार संख्या | चुल्हो संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १ नं वडा कार्यालय | ३ | - | |
| २ | २ नं वडा कार्यालय | ४ | ५ | |
| ३ | ३ नं वडा कार्यालय | ५ | - | |
| ४ | ४ नं वडा कार्यालय | - | १३ | |
| ५ | ५ नं वडा कार्यालय | ४ | ७ | |
| ६ | ६ नं वडा कार्यालय | २ | १२ | |
| ७ | ७ नं वडा कार्यालय | २ | ९ | |
| ८ | ८ नं वडा कार्यालय | - | ११ | |
| | जम्मा | २० | ५७ | |

ठ) वडा नं ७ को वडा कार्यालय र गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि प्राप्त भएका निशुल्क जग्गाहरुको नापजाँचको लागि नापी कार्यालय म्याग्दीबाट अमिन बोलाई काममा लगाउने र उक्त कार्यको लागि लाग्ने खर्च सेवा तथा परामर्श खर्च शिर्षकबाट लेख्ने ।

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था: २०७३